आज मिति २०७५असार ८ गते, बिहिबारका दिन बिहान ठिक ७.०० बजे यस दक्षिणकाली नगरपालिकाका नगर प्रमुख श्री मोहन बस्नेतज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा ४३औं बोर्ड बैठक बसी निम्नानुसार प्रस्तावहरु उपर छलफल गरि देहाय बमोजिमका निर्णयहरु गरियो ।

उपस्थिति :-

| | | पदाधिकारी |
|---|---|---|
| १. नगर प्रमुख श्री मोहन बस्नेत | - | अध्यक्ष |
| २. नगर उप-प्रमुख श्री बसन्ती तामाङ (डंगोल) | - | सदस्य |
| ३. १ नं. वडाका वडा अध्यक्ष श्री जय थापामगर | - | सदस्य |
| ४. २ नं. वडाका वडा अध्यक्ष श्री रामचन्द्र क्षेत्री | - | सदस्य |
| ५. ३ नं वडाका निमित्त वडा अध्यक्ष श्री मनोज कुमार बस्नेत | - | सदस्य |
| ६. ४ नं. वडाका वडा अध्यक्ष श्री पुष्कर खड्का | - | सदस्य |
| ७. ५ नं. वडाका वडा अध्यक्ष श्री श्याम बहादुर खत्री | - | सदस्य |
| ८. ६ नं. वडाका वडा अध्यक्ष श्री शंकर मान महर्जन | - | सदस्य |
| ९. ७ नं. वडाका वडा अध्यक्ष श्री हरि प्रसाद तिमल्सेना | - | सदस्य |
| १०. ८ नं. वडाका वडा अध्यक्ष श्री राज कुमार लामा | - | सदस्य |
| ११. ९ नं. वडाका वडा अध्यक्ष श्री अमृका बलामी | - | सदस्य |
| १२. दलित वा अल्पसंख्यक सदस्य श्री रमा पहरी | - | सदस्य |
| १३. दलित वा अल्पसंख्यक सदस्य श्री गौरी नेवा | - | सदस्य |
| १४. दलित वा अल्पसंख्यक सदस्य श्री राजेश परियार | - | सदस्य |
| १५. महिला सदस्य श्री लक्ष्मी भण्डारी | - | सदस्य |
| १६. महिला सदस्य श्री कविता खत्री | - | सदस्य |
| १७. महिला सदस्य श्री शारदा आचार्य | - | सदस्य |
| १८. महिला सदस्य श्री निर्मला मंग्राती | - | सदस्य |
| १९. महिला सदस्य श्री मिना मगर | - | सदस्य |
| २०. प्रमुख प्रशासकीय अधिकृत श्री सुशीला पौडेल (ढकाल) | - | सचिव |

आमन्त्रित :-

| | | |
|---|---|---|
| २१. श्री विष्णु बहादुर के.सी. | - | लेखा अधिकृत |
| २२. श्री ललित कुमार थापा | - | शाखा अधिकृत |
| २३. श्री सोमा खड्का | - | शाखा अधिकृत |
| २४. श्री मनोज बुढाथोकी | - | सिभिल इन्जिनियर |
| २५ श्री मन्दिरा महर्जन | - | नायब सुब्बा |

निर्णय नं. १ :-

दक्षिणकाली नगरपालिकाको आ.व. २०७४/०७५ को असार मसान्तसम्मको बास्तविक एवं संसोधित र आगामी आ.व. ०७५/७६ को नगरपालिकाको अनुमानित आम्दानी तथा खर्च विवरण यसै साथ संलग्न ( अनुसूची १बमोजिम)नगर सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. २ :-

आ.व. २०७५/०७६ का लागियस दक्षिणकाली नगरपालिकाको प्रत्येक वडामा वडा भेलाबाट समस्या तथा आवश्यकताको पहिचान गरि संकलित बस्ती तथा वडा स्तरीय योजनाहरु स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ मा उल्लेख भए बमोजिम आयोजना/कार्यक्रम प्राथमिकीकरणका आधारमा पूर्वाधार तथा लक्षित वर्ग तथा विषयगत क्षेत्रहरुलाई समेटने गरी वडा तथा नगर स्तरीय योजनाहरु छनोट गरि (अनुसूची२ बमोजिम)उल्लेखित योजनाहरुलाईनगर सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ :-

दक्षिणकाली नगरपालिकाको आगामी आ.व. २०७५/०७६ को लागि राजश्व परामर्श समितिको सिफारिसमा प्रस्तुत गरिएका (अनुसूचि ३ बमोजिम) कर तथा दस्तुरका दररेटहरु संशोधन सहित पारित गरी उक्त दररेट आगामी मिति २०७५श्रावण १ गते देखि लागु गर्न र सो को कार्यान्वयन गर्नका लागिनगर सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ४ :-

आ.व. २०७५/०७६ का लागि यस दक्षिणकाली नगरपालिकाको प्रत्येक वडामा वडा भेलाबाट समस्या तथा आवश्यकताको पहिचान गरि छनोट भएका ठूला योजनाहरु नगरपालिकाको आन्तरिक आयश्रोतबाट संचालन हुन सम्भव नहुने भएकाले उक्त योजनाहरु, केन्द्रिय सरकार, प्रादेशिक सरकार, राष्ट्रिय योजना आयोग, विषयगत मन्त्रालयमा पेश गर्न(अनुसूची ४ बमोजिम)कायोजनाहरु सम्बन्धित निकायहरुबाट तद्‌नुसार बजेट विनियोजन गरीदिनका लागि नेपाल सरकारका सम्बन्धित केन्द्रीय सरकार/प्रादेशिक सरकार एवं राष्ट्रिय योजना आयोगमा सिफारिस गर्न अनुरोध गर्नका लागिनगर सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ५ :-

नवनिर्वाचित जनप्रतिनिधिहरु, नगरपालिकामा कार्यरतकर्मचारीहरुको क्षमता वृद्धि हुने खालका तालिम तथा अवलोकण भ्रमणकार्यक्रमहरु कार्यान्वयन गर्न नगर सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ६ :-

राजश्व परामर्श समितिको सिफारिसमा आ.व. २०७४।०७५ को लागि नगर कार्यपालिकाको बैठकबाट विभिन्न मितिमा नगरपालिका क्षेत्रभित्र लगाईएका कर,दस्तुर र शुल्कहरु अनुमोदन गर्नको लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ७ :-

आर्थिक वर्ष २०७४/२०७५को लागि नगर सभाबाट विनियोजन भई मिति २०७५।३।८ सम्म भुक्तानी भएका योजना तथा कार्यक्रमहरुको फरफारकको लागि र नगर कार्यपालिकाको विभिन्न बोर्ड बैठकबाट संशोधन भएका योजनाहरु अनुमोदन गर्नको लागि नगर सभासमक्ष पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ८:-

यस नगरपालिकाका विषयगत शाखाहरु (कृषि,स्वास्थ्य ,शिक्षा ,महिला बालबालिका र पशु)को लागि बजेट विनियोजन नभएको तर खर्च गर्नुपर्ने आवश्यकता देखिएकोले प्रथम नगरसभाबाट एकमुष्ठ शिर्षकमा रहेको रु ४ करोड बजेटबाट विषयगत शाखाहरुलाई कार्यक्रम संचालनको लागि नगर कार्यपालिकाको

बैठकबाट निर्णय भई आएको खर्च र नगर कार्यपालिकाको बोर्डबाट विभिन्न योजना तथा कार्यक्रमको लागि रकम विनियोजन भएकोमा योजना संचालन पश्चात रकम अपुग भएमा आगामी वर्ष भुक्तानी दिने निर्णयगर्नको लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ९-

महालेखा परिक्षकको कार्यालयबाट आर्थिक बर्ष २०७३।७४ को अन्तिम लेखा परिक्षणबाट औल्याईएको प्रशासनिक बेरुजु रु ९९,१७,५०५। नियमित गराउनको लागि अनुरोध गर्न नगर सभा समक्ष पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. १०-

स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ४८ (६) को प्रयोजनको लागि न्यायिक समितिको संयोजक र सवै सदस्यहरुले विवादको कारबाही र किनारा गर्न नमिल्ने भएमा ३ जना सदस्य रहने गरी एक समिति निर्माण गरि जिम्मेवारी दिनको लागि नगर सभासमक्ष पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ११ :-

संस्थागत विकास तथा सार्वजनिक सेवा प्रवाह समितिले कर्मचारी दरबन्दी सम्बन्धमा दिएको प्रतिवेदन नगर सभा समक्ष पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. १२ :-

यस दक्षिणकाली नगरपालिकाको दास्रो ऐतिहासिक नगर सभा सभ्यभव्य रुपमा सम्पन्न गरे वापत हाल नगरपालिका तथा वडा कार्यालयमा कार्यरत कर्मचारीहरुलाई नगर सभा तयारी वापत प्रोत्साहन स्वरुप तलवस्केलको १ महिना बरावरको प्रोत्साहन खर्च प्रदान गर्न नगर सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. १३ :-

यस दक्षिणकाली नगरपालिकामा स्थायी कर्मचारीहरुको आ.व. २०७४/०७५ को वार्षिक तलवी प्रतिवेदन अनुसूचि घ पारित गर्न नगर सभामा पेश गर्ने निर्णय गरियो । साथै भवन निर्माण अनुमती दिनको लागि इन्जिनियरलाई अधिकार प्रत्यायोजन भएकोमा उक्त कार्यको लागि निरन्तरता दिन नगर सभा समक्ष पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. १४ :-

दक्षिणकाली मन्दिर क्षेत्र तथा शेषनारायण लगायतका सबै धार्मिक क्षेत्रहरुलाई पर्यटकीय दृष्टिबाट पूर्ण बनाउने र नगरको सुन्दरता बढाउने उद्देश्यले नगरपालिकाको मातहतमा ल्याउने निर्णय गरियो ।

निर्णय नं. १५ :-

बजेट, नीति तथा कार्यक्रम संशोधन गर्नु परेमा सबै अधिकार नगर कार्यपालिका बोर्डलाई अधिकार प्रत्यायोजन गर्न नगर सभामा पेश गर्ने निर्णय गरियो । नगर कार्यपालिकाले हालसम्म गरेका वोर्ड बैठकबाट गरिएका सम्पूर्ण निर्णयहरु अनुमोदनका लागी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय न १६ :-

विकास निर्माण लगायत सम्पूर्ण काममा सबैको सक्रिय सहभागीता भए मात्र यसले गति लिन सक्छ । निरन्तर इमान्दार लगनशिल रुपमा काम गर्ने कर्मचारीलाई हौसला प्रदान गर्न सके यसबाट उनीहरुमा अझ जोश र जांगरमा वृद्धि भई समग्र रुपमा नगरपालिकाकै काम कारवाहिमा सकरात्मक परिवर्तन आउने हुंदा आगामी आर्थिक वर्षदेखि उत्कृष्ट काम गर्ने कर्मचारी एवं निर्माण व्यवसायी/उपभोक्ता

समिति, महिला समुहहरु मध्येबाट पुरस्कार सिफारिस समितिको सिफारिस समेतका आधारमा कममा पनि १/१ जना व्यक्ति वा संस्थालाई पुरस्कृत गर्ने व्यवस्थाको थालनी गर्न आवश्यक बजेट व्यवस्था गर्न नगर सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय न १६ :-

यस नगरपालिकाको लागि आवश्यक पर्ने ,नगरपालिका पदाधिकारीको आचारसंहिता २०७५ र नगर सभा संचालन कार्यविधि २०७५स्विकृत गर्नको लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।